# हिमालयन रिइन्स्योरेन्स लिमिटेडको दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

हिमालयन रि
HIMALAYAN RE

मिति २०७९/०६/०३ गते बसेको यस कम्पनीको संचालक समितिको २९ औं बैठकको निर्णय अनुसार यस कम्पनीको दोश्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि अनरोध गरिन्छ ।

| सभा हुने मिति, समय र स्थान |
|---|
| मिति : २०७९ साल कार्तिक ०४ गते शुक्रबार । |
| समय : बिहान ११:०० बजे । |
| स्थान : होटल अलफ्ट, ठमेल, काठमाडौं । |

## छलफलका विषयहरू:

**१) सामान्य प्रस्ताव**

क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने बारे ।

ख) आ.व. २०७८/७९ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने बारे ।

ग) आ.व. २०७९/८० का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने बारे ।

घ) संचालकको पारिश्रमिक, भत्ता तथा सुविधा बारे ।

**२) विशेष प्रस्ताव**

क) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने बारे । संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी दिने बारे ।

**३) विविध ।**

## साधारण सभा सम्बन्धी थप जानकारी

क) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयरधनी तथा प्रतिनिधिको परिचय खुल्ने प्रमाण लिई आउनुहुन अनुरोध छ ।

ख) सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिनभन्दा ४८ घण्टा अगावै अर्थात् २०७९/०७/०२ गते बिहान ११ बजेभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन्। एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको पाइएमा सबैभन्दा पहिले कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नु हुनेछ । तर मतदान गर्न पाउनु हुने छैन ।

ग) संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाइने छ ।

घ) सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा कक्षमा उपस्थित भई दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

ङ) शेयरधनीले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिका तर्फबाट सामूहिक रुपले अध्यक्षद्वारा उत्तर दिइनेछ ।

च) छलफलको विषयमध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा २४ घण्टा अगावै सो विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध गरिन्छ । उक्त विषय उपर अध्यक्षले आवश्यक ठानेमा मात्र छलफल गरिनेछ ।

छ) साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको कार्यालय ललिता भवन, महाराजगंज, काठमाण्डौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

आज्ञाले,
कम्पनी सचिव

**कम्पनीको कार्यालय**
ललिता भवन, महराजगंज, काठमाण्डौं
फोन नं. : ०१-४००३१२२, ४००३१२३, ४४४३४३२ इमेल: contactus@himalayanre.com